# शुद्धोधन राजपत्र

शुद्धोधन गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ६) शुद्धोधन, भदौ १७ गते, २०७९ साल, संख्याः ७


## शुद्धोधन गाउँपालिकाको संस्था दर्ता कार्यविधि, २०७९

नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन,२०७४ बमोजिम गाउँपालिकालाई तोकिएको अधिकार क्षेत्र भित्रका बिषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको लागि शुद्धोधन गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन,२०७४ को दफा ३ र ४ ले दिएको अधिकार प्रयोग गरि कार्य गर्नको लागि विभिन्न संस्था (क्लव, खेलकुद विकास समिति, मठ मन्दिर, गुम्वा संरक्षण समिति, फर्म, जलश्रोत समिति, उपभोक्ता समिति, प्रतिष्ठान, कला साहित्य, शैक्षिक संस्था, अक्षयकोष, सामुदायिक विकास कोष, समुह, संस्था, गाउँपालिका तथा वडा स्तरीय विविध संजालहरु आदि)दर्ता गरि गाउँपालिकाका विविध कार्यहरुमा व्यवस्थित तवरले संलग्न गर्न गराउन वान्छनीय भएकोले शुद्धोधन गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

### १. संक्षिप्त नाम र प्रारम्भः

(क) यो कार्यविधिको नाम "शुद्धोधन गाउँपालिकाको संस्था दर्ता कार्यविधि, २०७९" रहेको छ ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ । कार्यविधि शुद्धोधन गाउँपालिका क्षेत्र भित्र बसोवास गर्ने स्थायी वासिन्दाका हकमा मात्र लागु हुनेछ ।

### २. परिभाषाः

(क) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा ऐन भन्नाले शुद्धोधन गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमितगर्ने) ऐन, २०७४ सम्झनुपर्छ ।

(ख) गाउँपालिका भन्नाले शुद्धोधन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, मानपकडी रुपन्देहीलाई बुझाउनेछ ।

### ३. दर्ताको लागि निवेदनः

कार्यविधि बमोजिम संस्था दर्ता गर्न चाहने व्यक्तिहरुले आमभेलाद्वारा तदर्थ कार्य समिति बनाई संविधान, कानुन संग नबाझने गरि संस्थाको विधान तयार गरि कार्य समितिबाट स्वीकृत तथा प्रमाणित गरि एक प्रति सो समेत संलग्न राखी एक हजार रुपैंया दस्तुर सहित प्रमुख प्रशासकीय अधिकृत समक्ष अनुसुचि-१ मा तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ ।

**४. संस्थाको दर्ता र प्रमाण-पत्रः**

बुदा नं. ३ बमोजिमको निवेदन प्राप्त भएपछि प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा निजले अनुसुचि-२ बमोजिमको दर्ता कितावमा संस्था दर्ता गर्नुपर्नेछ र त्यसरी संस्था दर्ता गरी सकेपछी अनुसुचि-३ बमोजिमको दर्ता प्रमाण-पत्र दिईनेछ ।

**५. दर्ताको अवधि, नविकरण र दस्तुरः**

(१) नियम ४ बमोजिम दिएको दर्ता प्रमाण-पत्र एक आर्थिक बर्ष सम्म वहाल रहनेछ ।

(२) उपबुँदा (१) बमोजिमको दर्ता वहाल रहने अवधि समाप्त भएको मितिले ३ महिना भित्र सम्बन्धित ब्यक्तिले शुद्धोधन गाउँपालिकाको कार्यालयमा पाँच सय रुपैंया दस्तुर तिरी दर्ताको प्रमाण-पत्र नविकरण गराउनु पर्नेछ ।

(३) उपबुँदा (२) बमोजिम म्याद नाघेपछि कुनै संस्थाले त्यस्तो म्याद नाघी नवीकरण हुन नसकेको मनासिव कारण देखाई दर्ताको प्रमाण-पत्र नविकरणको लागि निवेदन दिन आएमा प्रमुख प्रशासकीय अधिकृतले उपबुँदा (२) बमोजिम लाग्ने दस्तुरमा देहाय बमोजिमको थप दस्तुर लिई नविकरण गरी दिन सक्नेछ ।

(क) उपबुँदा (२) बमोजिमको म्याद नाघेपछि ३ महिनाको लागि रु. १००।-

(ख) उपबुँदा (क) को म्याद नाघेपछि आषाढ मशान्त सम्मको लागि रु. २५०।-

(ग) उपबुँदा (ख) को म्याद नाघेपछि अर्को आर्थिक बर्षको लागि रु. ५००।- को दरले दुई आर्थिक बर्षको लागि रु.१०००।-

(४) उपबुँदा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि म्यादभित्र नविकरण नगराएका संस्थाहरुले दर्ता प्रमाण-पत्र नविकरण हुन नसकेको मनासिव कारण देखाई नविकरणको लागि निवेदन दिएमा प्रत्येक आर्थिक बर्षको लागि लाग्ने नविकरण दस्तुरको अतिरिक्त प्रतेक आर्थिक बर्षको लागि एक हजार रुपैंयाका दरले थप जरिवाना समेत लिई प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो दर्ता प्रमाण-पत्र नविकरण गरिदिन सक्नेछ।

(५) उपबुँदा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै संस्थाले बढीमा ५ बर्ष सम्मको लागि एकै पटक दर्ताको प्रमाण-पत्र नविकरण गर्न निवेदन दिन आएमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो संस्थाले गरी आएको कामको प्रकृति र अवस्था हेरी प्रत्येक बर्षको लागि एक सय रुपैंया दस्तुर लिई एकै पटक पाँच बर्ष सम्मका लागि दर्ता प्रमाण-पत्र नविकरण गरिदिन सक्नेछ ।

**(६) दर्ता प्रमाण-पत्र नविकरणः**

दर्ता प्रमाण-पत्र नविकरण गर्ने संस्थाले निवेदन दिंदा कार्य समितिका पदाधिकारीहरुको नामावली तथा नेपाली नागरिकताको पमाण-पत्रको फोटोकपी संलग्न गर्नुपर्नेछ ।

**(७) उपबुँदा (३) र (५) बमोजिम दर्ता** प्रमाण-पत्र नविकरण गरेको अभिलेख गाउँ कार्यपालिकाको कार्यालयमा राख्नु पर्नेछ ।

**(८) विविधः**

(क) यस कार्यविधिलाई आवश्यक संसोधन वा थपघट गर्नुपर्ने भएमा गाउँ कार्यपालिकाले थपघट वा संसोधन गर्न सक्नेछ ।

(ख) बिगतमा जिल्ला डिभिजन सहकारी, जिल्ला प्रशासन कार्यालय, जि. वि. स. आदि आधिकारीक निकायमा दर्ता भएका उल्लेखित संघ संस्थाहरुलाई यसै विधान बमोजिम नविकरण गरि प्रतिलिपि उपलब्ध गराईनेछ ।

(ग) यो कार्यविधि निर्माण हुनु अगाडी भए गरेका काम काज यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

अनुसुचि १

(बुँदा ३ संग सम्बन्धित)

**निवेदन पत्रको ढाँचा**

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू

शुद्धोधन गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय मानपकडी,रुपन्देही

महोदय,

यस शुद्धोधन गाउँपालिकाको संस्था दर्ता कार्यविधि,२०७९ बमोजिम संस्था दर्ता गर्नको लागि देहायको विवरण खोली निवेदन तथा प्रस्तावित संस्थाको विधानको एकप्रति यसैसाथ संलग्न गरि पेश गरिएको ब्यहोरा अनुरोध छ ।

**विवरण**

१. संस्थाको नामः

२. संस्थाको उद्देश्य

(क)

(ख)

(ग)

(३) कार्य समितिका सदस्यहरुको नामावलीः

शुद्धोधन गाउँपालिका, रुपन्देही

नाम ठेगाना पेशा

(क)

(ख)

(ग)

४. आर्थिक श्रोतः

५. कार्यालयको ठेगानाः

........................

संयोजक/अध्यक्ष

अनुसुचि-२

(बुँदा ४ संग सम्बन्धित)

**संस्थाको दर्ता किताव**

| दर्ता नं. | दर्ता मिति | | | संस्थाको नाम ठेगाना | संस्थाको उद्देश्य | संस्थाको पदाधिकारी एवं सदस्यहरुको नाम र ठेगाना तथा सहिछाप | प्रमाणित गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | साल | महिना | गते | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

शुद्धोधन गाउँपालिका, रुपन्देही

अनुसुचि-३

(बुँदा ४ संग सम्बन्धित)

शुद्धोधन गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय मानपकडी

लुम्बिनी प्रदेश,रुपन्देही

**संस्था दर्ताको प्रमाण-पत्र**

संस्था दर्ता कार्यविधि, २०७९ (शुद्धोधन गाउँपालिका) को बुँदा ४ बमोजिम....... साल......महिना..........गते गठित श्री ..............................लाई यस कार्यालयको अभिलेखमा दर्ता गरि यो प्रमाण-पत्र दिईएकोछ ।

**दर्ता नं.**

**मितिः**

**संस्था रहेको ठेगानाः**

..................................

प्रमुख प्रशासकीय अधिकृत

**नविकरण विवरण**

| नविकरण | दर्ता प्रमाण-पत्र वहाल रहने अवधि | नविकरण दस्तुर | नविकरण अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

प्रमाणिकरण मितिः२०७९/०५/१३

आज्ञाले

झविलाल भट्टराई

प्रमुख प्रशासकीय अधिकृत

शुद्धोधन गाउँपालिका, रुपन्देही